प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

# साझेदारीमा पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७६

प्रस्तावना: पशुपालनको विकास र विस्तार कार्यक्रम मार्फत पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने, दुध र मासुको उत्पादन लागत कम गर्ने र कृषकहरुलाई व्यवसायिक पशुपालन पेशामा थप आकर्षित गर्दै रोजगार प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले प्रदेश नम्बर तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले **"साझेदारीमा पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७६"** बनाई लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधीको नाम "साझेदारीमा पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७६" रहेने छ ।

(२) यो कार्यविधी स्वीकृत भएको मितिवाट प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधीमा,-

(क) **"आवेदक"** भन्नाले साझेदारीमा पशुपालन कार्यक्रम सञ्चालन गर्न प्रस्ताव पेश गर्ने ईच्छुक कृषक समूह/सहकारी/निजी व्यावसायी सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको साझेदारीमा पशुपालन कार्यक्रम सम्वन्धी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(च) **"प्रस्ताव"** भन्नाले आवेदक संस्थाले आवेदन साथ पेश गरेको व्यावसायीक कार्ययोजना सम्झनु पर्छ ।

(छ) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकार, प्रदेश नं. ३, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ज) **"साझेदार संस्था"** भन्नाले छनौट भई निर्देशनालय सँग द्विपक्षिय सम्झौता गर्ने पशुपालन व्यवसायमा आवद्ध कृषक समूह/सहकारी/निजी व्यावसायी सम्झनु पर्छ।

३. उद्देश्य: यस कार्यविधीको उद्देश्य देहाय वमोजिम हुनेछः-

(क) पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने,

(ख) दूध र मासुको उत्पादन लागत कम गर्ने,

(ग) प्रदेश सरकारको पशुपालन विकास तथा विस्तार गर्ने नीति तथा कार्यक्रमलाई सहज, सरल, मितव्ययी, पारदर्शी रुपले सञ्चालन गर्ने,

(घ) कृषकहरुलाई व्यावसायमूखी बनाई रोजगार प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।



मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद -२

## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| निर्देशक वा निजले तोकेको बरिष्ठतम् अधिकृत, निर्देशनालय | संयोजक |
| अधिकृत प्रतिनिधी, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| कानुन अधिकृत (सम्भव भएसम्म) | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा. निर्देशनालय | सदस्य |
| प्रमुख, खरिद ईकाई, निर्देशनालय | सदस्य सचिव |

**नोटः** समितिले आवश्यक ठानेमा बढिमा २ जना विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. **अनुगमन तथा मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्यकता अनुसार गर्न सक्ने छन् ।

## परिच्छेद ३

## कार्यक्रम सञ्चालन प्रकृया

६. **कार्यक्रम सञ्चालनः** यो कार्यक्रम ५०% साझेदारीमा संचालन गरिनेछ।

| क्र.सं. | कार्यक्रमको नाम | लागु गरिने जिल्ला | साझेदार संस्था | अनुदान रकम प्रति साझेदार संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १. | साझेदारीमा बंगुर पालन विकास तथा विस्तार कार्यक्रम | चितवन, मकवानपुर र सिन्धुली | कृषकसमूह/ सहकारी/ निजी क्षेत्र | ५०% वा बढिमा १० लाख | |
| २. | साझेदारीमा सामुहिक गाईपालन कार्यक्रम | दोलखा | कृषकसमूह/ सहकारी/ निजी क्षेत्र | ५०% वा बढिमा २० लाख | |

**नोटः** आवश्यकता र औचित्यताको आधारमा आगामी आ.व.हरुमा अन्य जिल्लाहरुमा पनि थप गर्दै लगिने छ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

७. <u>प्रस्ताव आव्हान</u>: निर्देशनालयले यस अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदक संस्थाहरुलाई लक्षित गरी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा ३० दिनको म्याद राखी अनुसूची -१ बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ । माग अनुसारको प्रस्ताव नपरेमा निर्देशनालयले पूनः प्रस्ताव आह्वान गर्न सक्नेछ ।

८. <u>प्रस्ताव दर्ता</u>: साझेदारी गर्न ईच्छुक आवेदकले दफा ७ बमोजिमको समय अवधी भित्र अनुसूची -२ बमोजिमको आवेदन पत्र, अनुसूची -३ बमोजिमको व्यवसायिक कार्ययोजना, अनुसूची-४ बमोजिमको प्रतिवद्धता-पत्र, अनुसूची-५ बमोजिमको सिफारिस पत्र, अनुसूची-६ बमोजिमको प्राविधिक तथा आर्थिक प्रस्ताव पत्र कार्यालयमा पेश गर्नु पर्नेछ ।

९. <u>साझेदार संस्थाको छनौट</u>: छनौटको प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) मूल्याङ्कन समितिले स्थलगत प्रमाणिकरणको प्रतिवेदन र अनुसुचि-१० बमोजिमको मूल्याङ्कनका आधारहरूमा आवेदक संस्थाको छनौट गरी स्वीकृतिका लागि निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(ख) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढिमा ३५ दिन भित्र प्रस्तावहरु स्वीकृत हुनु पर्नेछ ।

(ग) आवेदक संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न ७ दिनको समय तोकिने छ ।

१०. <u>आवेदकलाई जानकारी</u>: छनौट भएको साझेदार संस्थालाई निर्देशनालयले निर्णय भएको मितिले सात दिन भित्र जानकारी दिनेछ ।

११. <u>सम्झौता</u>: (१) प्रस्ताव स्वीकृत भएका साझेदार संस्थाले जानकारी प्राप्त गरेको पन्ध्र दिन भित्र अनुसूची -११ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिकसँग सम्झौता गर्न सकिने छ ।

## परिच्छेद -४
## <u>कार्यक्रम सञ्चालनको आर्थिक पक्ष</u>

१२. साझेदारीमा पशुपालन कार्यक्रम सञ्चालन गर्न साझेदार संस्थाद्वारा पेश भएको कार्ययोजना र आवश्यक न्यूनतम मापदण्डहरु समेटिने गरि सम्झौतामा उल्लेख गर्नुपर्ने र सोहि बमोजिम लागत साझेदारीमा तोकिएको समय भित्र साझेदार संस्थाले कार्य सम्पन्न गर्नुपर्नेछ ।

१३. अनुदान रकमको २ प्रतिशत कन्टेन्जेन्सी कट्टा गरी निर्देशनालय/ कार्यालयले साझेदार संस्थाको बैंक खातामा रकम उपलब्ध गराउने छ ।

१४. साझेदार संस्थाले ब्यहोर्नु पर्ने रकम अन्य कुनै संघ/ संस्था/ स्थानीय तह/ निकायबाट आम्शिक वा पुरै ब्यवस्था गर्न सक्नेछ ।



मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

१६. अनुदान रकमको दुरुपयोग गरेमा तथा सम्झौता बमोजिम कार्य नगरेमा, प्रचलित ऐन/नियम बमोजिम सरकारी बाँकी/बक्यौता सरह असुल उपर गरिने छ ।

## परिच्छेद -५
## मापदण्ड

१७. <u>साझेदार संस्थाले पालना गर्नुपर्ने विषयहरुः</u> (१) साझेदार संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड पालना गरेको हुनु पर्नेछः-

(क) लागत साझेदारीमा पशुपालन कार्यक्रम सञ्चालन गर्न साझेदार संस्था प्रतिवद्ध हुनु पर्नेछ ।

(ख) आफ्नै स्वामित्वमा जग्गा भएका साझेदार संस्थालाई प्राथमिकता दिईनेछ । सो नभए साझेदार संस्थाको लगानीकर्ता वा निजी जग्गा कम्तीमा १० वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ ।

(ग) पूर्वाधार (बाटो, पानी, बिजुली), व्यवसायको सम्भाव्यताको आधार अध्ययन गरेर प्रस्तावकलाई प्राथमिकता दिनु पर्नेछ ।

(घ) आवेदक संस्थाले अन्य कुनै व्यावसाय सञ्चालन गरिरहेको भए सो व्यवसायको अवस्था र व्यवसाय परिसरको फोटो प्रस्तावमा संलग्न गर्नु पर्नेछ ।

(ङ) आवेदक संस्थाले कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने अन्य प्रचलित ऐन/नियम पालन गरेको हुनु पर्नेछ ।

(च) आवेदक संस्थाले अन्य ठाँउमा यस्ता खालका कार्यक्रम संचालन गरेको भए उल्लेख गर्नुपर्नेछ ।

(छ) आवेदक संस्थाले प्रस्तावको साथमा अनुसूची -३ बमोजिमको व्यवसायिक कार्य योजना पेश गर्नु पर्नेछ ।

(ज) साझेदारीमा सामुहिक गाईपालन कार्यक्रम गर्ने साझेदार संस्थाले अनुसूची -७ बमोजिमको मापदण्ड पालना गरेको हुनु पर्नेछ।

(झ) साझेदारीमा बंगुर पालन विकास तथा विस्तार कार्यक्रम गर्ने साझेदार संस्थाले अनुसूची -८ बमोजिमको मापदण्ड पालना गरेको हुनु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित मापदण्डका अतिरिक्त थप मापदण्डको आवश्यकता परे मूल्याङ्कन समितिले तयार गरी निर्देशनालयबाट स्वीकृत गराई लागु गर्न सक्नेछ।

## परिच्छेद -६
## विविध

१८. <u>प्रगति प्रतिवेदनः</u> (१) साझेदार संस्थाले चौमासिक रुपमा प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्नेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा संग्रहित गरि कार्यालयले निर्देशनालयमा पठाउनु पर्नेछ।

१९. <u>कार्यक्रमको प्रभावकारीता:</u> कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. <u>संशोधन:</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

२१. <u>वचाउ:</u> यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलीत कानून बमोजीम हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

अनुसूची -१

(दफा ७ सँग सम्बन्धित)

**प्रस्ताव आह्वानको सूचना**

आर्थिक वर्ष ... ... ... ... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साझेदारीमा पशुपालन कार्यक्रम रहेकोले कार्यान्वयनमा सहभागी हुन इच्छुक साझेदार संस्थाबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित मितिले ३० दिनभित्र तपसिल अनुसारका कागजातहरु संलग्न गरी निर्देशनालय वा कार्यालयलमा तोकिएको ढाँचा (कार्यविधिको अनुसूची -२) मा आवेदन-पत्र पेश गर्नु हुन सूचित गरिन्छ । साथै रित नपुगी दर्ता भएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश गरिने छैन ।

**रुपैयाँ दशको हुलाक टिकट टाँस गरेको आवेदन-पत्र साथ संलग्न गर्नु पर्ने कागजात:**

१. साझेदार संस्था सँग रहेको गाई/बंगुर संख्या,
२. भौतिक पूर्वाधार(सडक, सञ्चार, सिंचाई, पानी र विजुली)को अवस्था खुल्ने कागजात,
३. जग्गाको स्वामित्व(निजी/सेयर होल्डर/भाडामा) देखिने कागजात,
४. अन्य प्रमाणित पत्रहरु(तालिम, शैक्षिक योग्यता आदि),
५. गोठ/खोर निर्माण गरिएको/गरिने जग्गाको क्षेत्रफल(हेक्टरमा),
६. कृषक समूह/ सहकारी/ निजी क्षेत्र दर्ता प्रमाण-पत्र ।
७. व्यवसायिक कार्ययोजना
८. घाँस विस्तार गरिने जग्गाको क्षेत्रफल
९. गोठ/खोर तथा घाँस विस्तार गरिने जग्गाको हालको अवस्था खुल्ने फोटो

__नोट:__ कार्यक्रम सम्बन्धी विस्तृत विवरण निर्देशनालय वा सम्बन्धित कार्यालयको सूचना पाटी र वेवसाईट dolfd.p3.gov.np मा हेर्न सकिने छ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -२

(दफा ८ सँग सम्बन्धित)

**आवेदन-पत्र**

मितिः ... ... ... ... ...

श्रीमान् निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
प्रदेश नं. ३, हेटौंडा मकवानपुर ।

मार्फत,
श्री भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र,
... ... ... ... ... ... ...

विषयः- अनुदान सहयोग उपलब्ध गराई पाऊँ ।

महोदय,

तहाँ निर्देशनालयबाट मिति ... ... ... ... गतेको ... ... ... ... पत्रिकामा प्रकाशित सूचना अनुसार साझेदारीमा पशुपालन (बंगुर/गाई) कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वान गरिए बमोजिम निम्नानुसार कागजात राखी यो प्रस्ताव पेश गरिएको छु। अनुदान र स्वलगानी रकमले शर्त अनुसारका कार्यहरु सम्बन्धित जिल्लाभित्रै रही गरिने ब्यहोरा अनुरोध छ ।

१. साझेदार संस्था सँग रहेको गाई/बंगुर संख्या,
२. भौतिक पूर्वाधार(सडक, सञ्चार, सिंचाई, पानी र विजुली)को अवस्था खुल्ने कागजात,
३. जग्गाको स्वामित्व(निजी/सेयर होल्डर/भाडामा) देखिने कागजात,
४. अन्य प्रमाणित पत्रहरु(तालिम, शैक्षिक योग्यता आदि),
५. गोठ/खोर निर्माण गरिएको/गरिने जग्गाको क्षेत्रफल(हेक्टरमा),
६. कृषक समूह/ सहकारी/ निजी क्षेत्र दर्ता प्रमाण-पत्र ।
७. व्यवसायिक कार्ययोजना
८. घाँस विस्तार गरिने जग्गाको क्षेत्रफल
९. गोठ/खोर तथा घाँस विस्तार गरिने जग्गाको हालको अवस्था खुल्ने फोटो

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

# अनुसूची -३

(दफा ८ सँग सम्बन्धित)

## आवेदन-पत्र साथ साझेदार संस्थाले पेश गर्नुपर्ने व्यावसायीक कार्ययोजना

१. **पृष्ठभूमीः** यसमा प्रष्टाउनु पर्ने बुँदाहरु तपशिल बमोजिम हुनेछः-

(क) गोठ/खोर निर्मार्ण तथा सुधार गर्नुपर्ने कारण,

(ख) पशुपालन (बंगुर/गाईको) आवश्यकता,

(ग) परियोजनाको संक्षिप्त परिचय,

(घ) विद्यमान पूर्वाधारहरुमा भौतिक, वित्तिय र प्राविधिक क्षमता बारे वर्णन गर्ने ।

२. **दिर्घकालिन सोंच, उद्येश्य र महत्वः** परियोजना सञ्चालन गर्नुपर्ने सोंच, उद्येश्य र महत्व उल्लेख गर्ने ।

३. **संभाब्यता विष्लेशणः** व्यवसायीक योजना देहाय बमोजिम गर्नेः-

(क) गोठ/खोर निर्माण तथा सुधारका लागि उपयुक्त स्थानको छनौट वारे उल्लेख गर्ने।

(ख) पशुको संख्या (बंगुर/गाई) उल्लेख गर्ने।

(ग) पशुपालनको लागि घाँस तथा आहारा व्यवस्थापन उल्लेख गर्ने ।

(घ) वार्षिक दुध, मासु उत्पादन (कति गर्न सकिन्छ उल्लेख गर्ने) ।

(ङ) प्रविधि प्रयोगको सम्भाव्यता (पशु पालन लाई आवश्यक पर्ने प्रविधि, मेशिनरी, उपकरण, जनशक्ती र तिनको उपलब्धता कसरी गर्न सकिन्छ उल्लेख गर्ने)

४. **बजारीकरण योजनाः**

५. **परियोजनाको वित्तिय विश्लेशणः**

६. **वातावरणिय प्रभाव/असरको विश्लेशणः**

७. **जैविक सुरक्षाको अवस्थाः**

उत्तम

सामान्य

राम्रो

८. **पशु संख्याः** वंगुरः गाईः

९. **बिमा गरिएको पशुको संख्याः** वंगुरः गाईः

मा. दावा दोर्जे लामा
मन्त्री

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# अनुसूची -४
(दफा ८ सँग सम्बन्धित)
**<u>लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र</u>**

मितिः

श्रीमान् निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
प्रदेश नं. ३, हेटौंडा मकवानपुर ।
मार्फत,
श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
... ... ... ... ... ... ...

विषयः लागत साझेदारी गर्ने प्रतिवद्धता सम्बन्धमा ।

महोदय,

तहाँ निर्देशनालयको मिति ........ गते ........ राष्ट्रिय पत्रिकामा कृषक समूह/ सहकारी/ निजि संस्थासँगको लागत साझेदारीमा पशुपालन (बंगुर/गाई) कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव आह्वान गरिए अनुसार कृषक समूह/ सहकारी/ निजि संस्थाले कार्यक्रम कार्यान्वयनका लागि कुल रु. ... ... ... ... लागत प्रस्ताव गरेको छ । तहाँबाट दुई प्रतिशत कन्टेन्जेन्सी कट्टा गरी प्राप्त हुने अनुदान रकम रु. ... ... ... (अक्षरुपी रुपैयाँ ... ... ... ... ... ... ... ... ... ... ... ...) मा नपुग रकम हाम्रो संस्थाकै आन्तरिक श्रोतबाट व्यहोर्ने सञ्चालक समितिको निर्णय भएको हुँदा लागत साझेदारी गर्ने प्रतिवद्धता जाहेर गर्दछु/ गर्दछौं ।

जिम्मेवार पदाधिकारीको
हस्ताक्षरः
मितिः
नामथरः
पदः
संस्थाको छापः

मा. दावा दोर्जे लामा

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -५

(दफा ८ सँग सम्बन्धित)

## कार्यालयको सिफारिस-पत्र

प्रदेश सरकार, प्रदेश नं. ३ पशुपन्छी तथा मत्स्य विकाश निर्देशनालय को मिति ... ... ... ... ... ... ... को राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार जिल्ला ... ... ... ... ... ... ... गाउँपालिका/ नगरपालिका ... ... ... ... ... ... वडा ... ... ... ... ... ... ... सञ्चालित कृषक समूह/ सहकारी/ निजी संस्थाले साझेदारीमा पशुपालन (बंगुर/ गाई) कार्यक्रमको लागि तहाँ केन्द्रमा सिफारिसका लागी निवेदन दिनु भएको छ । उक्त निवेदन उपर कारवाही हुँदा निवेदक कृषक समूह/ सहकारी/ निजी संस्थाले प्रस्ताव गरे अनुसारको पशुपालन तथा गोठ/ खोर निर्माण/ सुधार गर्नु पर्ने रकमको व्यवस्था गर्न समेत सक्षम रहेको र हालसम्म कुनै निकायबाट अनुदान रकम नलिएको हुँदा नियमानुसार साझेदारीमा पशुपालन (बंगुर/ गाई) कार्यक्रममा सहभागी गराउनु हुन सिफारिस सहित अनुरोध छ ।

क. पशुपालन तथा गोठ/खोर निर्माण गर्ने क्षेत्रफल सम्बन्धी विवरणः

| | पशुको किसिम | माउ गाई/बंगुर | कोरेली बाच्छी/पाडी/ | बाच्छा/वाच्छी पाडा/ पाडी |
|---|---|---|---|---|
| क | संख्या | | | |
| ख | विमा गरिएका पशु संख्या | | | |
| ग | गोठ/खोर निर्माण स्थलको क्षेत्रफल (हेक्टरमा) | | | |

कार्यालय प्रमुख

नामः

पदः

दस्तखतः

कार्यालयको छापः

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -६

(दफा ८ सँग सम्बन्धित)

**प्राविधिक तथा आर्थिक प्रस्ताव-पत्र**

| क) प्राविधिक प्रस्तावः | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवदेकको नाम | |
| ४ | आवदेकको ठेगाना | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं., फ्याक्स् नं., मोवाइल नं. | |
| ६ | आवेदकको ईमेल तथा वेवसाईट | |
| ७ | संस्था दर्ता नम्बर | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | |
| ९ | आवेदक संस्था दर्ता वा स्थापना पश्चातको अवधी (वर्षमा) | |
| १० | भ्याट/पान दर्ता नम्बर | |
| ११ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| १२ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | |
| १३ | माग गरेको अनुदान रकम रु. | |
| १४ | प्रस्तावित कार्यक्रमको उद्देश्यः | |
| १४.१ | | |
| १४.२ | | |
| १४.३ | | |
| १५ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः | |

| | | | | |
|---|---|---|---|---|
| १५.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| १५.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| १५.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |
| १५.४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा/सेयर होल्डर/प्रोपराइटर) | |

| | | |
|---|---|---|
| १६ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | पुरुष | महिला | दलित | जनजाती | अन्य |
| | | | | | | |

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

| | |
|---|---|
| १८ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरणः |
| १८.१ | |
| १८.२ | |
| १८.३ | |

| १९ | कृयाकलाप कार्यान्वयन योजनाः | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | आषाढ |
| १९.१ | | | | | | | | | | | | | |
| १९.२ | | | | | | | | | | | | | |
| १९.३ | | | | | | | | | | | | | |
| १९.४ | | | | | | | | | | | | | |
| १९.५ | | | | | | | | | | | | | |

| २० | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने): | |
|---|---|---|
| | अपेक्षित उपलब्धिहरु | परिमाण |
| २०.१ | | |
| २०.२ | | |
| २०.३ | | |
| २०.४ | | |
| २०.५ | | |

| २१ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउनेः | |
|---|---|---|
| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | साझेदारी हुने रकम रु. |
| २१.१ | | |
| २१.२ | | |
| २१.३ | | |
| २१.४ | | |
| २१.५ | | |
| २१.६ | | |

| | |
|---|---|
| २२ | प्रस्तावकले बिगत वर्षमा सम्पन्न गरेका सोही ठाँउमा वा अन्यत्र उल्लेखनीय कार्यहरु (प्रस्तावित कार्यक्रमसँग मेलखाने मात्र): |
| २२.१ | |
| २२.२ | |

| | | |
|---|---|---|
| २३ | उपरोक्त कार्य सम्पादनका लागि भएको लगानी रकम रु. | |
| २४ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने | |
| | अनुभव तथा तालिमहरु | अवधी |

१२

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

| | | | |
|---|---|---|---|
| २४.१ | | | |
| २४.२ | | | |
| २४.३ | | | |
| २४.४ | | | |
| २४.५ | | | |
| २५ | प्रस्तावित जनशक्ति विवरणः | | |
| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालीमको नाम र अवधी |
| २५.१ | | | |
| २५.२ | | | |
| २५.३ | | | |
| २५.४ | | | |
| २५.५ | | | |
| २६ | प्रस्तावित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकारात्मक असरहरुः | | |
| २६.१ | | | |
| २६.२ | | | |
| २६.३ | | | |
| २६.४ | | | |
| २६.५ | | | |
| २७ | वातावरणिय असर न्यूनिकरणको लागी अपनाईने उपायहरुः | | |
| २७.१ | | | |
| २७.२ | | | |
| २७.३ | | | |
| २७.४ | | | |
| २७.५ | | | |
| २८ | प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी संख्याः | | |

मा. दावा दोर्जे लामा
मन्त्री

## (ख) आर्थिक प्रस्तावः

प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः

| क्र. सं. | मुख्य मुख्य कृयाकलापहरु | ईकाई | परिमाण | दर | कुल लागत | प्रस्तावकको योगदान रु. | निर्देशनालयबाट अनुदान रु. | प्रस्तावक को योगदान को स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |
| १४ | | | | | | | | |
| १५ | | | | | | | | |
| जम्मा रकम रु. | | | | | | | | |
| VAT रकम रु. | | | | | | | | |
| कुल जम्मा रकम रु. | | | | | | | | |

**नोटः** उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु/छौं । कहिं कतै झुठो ठहरेमा कानून बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँद छु/छौं ।

**प्रस्तावक साझेदार संस्थाको तर्फबाटः**

नामः

पदः

हस्ताक्षरः

मितिः

संस्थाको छापः

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -७

(दफा १७,उपदफा १ को बुँदा नं ज सँग सम्बन्धित)

**साझेदारीमा सामुहिक गाईपालन कार्यक्रमका लागि न्यूनतम मापदण्ड**

१. साझेदारीमा सामुहिक गाईपालन कार्यक्रम कृषक समूह/ सहकारी/ निजी क्षेत्र मार्फत सञ्चालन गरिनेछ।

२. समूहमा दश जना सदस्य रहने छन्।

३. प्रत्येक सदस्यहरुले कम्तिमा तीनवटा गाईपालन गर्नुपर्नेछ।

४. समूह सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्नेछ।

५. निजी क्षेत्रको हकमा २५-३० वटा गाईपालन गर्नुपर्नेछ।

६. साझेदार संस्थाले गोठ निमार्णको लागि आवश्यक डिजाईन/लागत ईस्टिमेट पेश गरेको हुनुपर्नेछ।

७. नमूना गोठको नापः

| क्र.सं. | विवरण | नाप(लम्बाई*चौडाई) |
|---|---|---|
| १. | भुइको क्षेत्रफल (प्रति गाई) | १.५-१.७मी *१.०-१.२मी =१.५-२.०४ वर्ग मी |
| २. | नालीका चौडाई | ३० से.मी. |
| ३. | दानाको डुँडको पिंधको भित्री चौडाई | ४० से.मी. |
| ४. | पानीको डुँडको लम्बाई | ३५ से.मी. |
| ५. | बाटो | ४-५ फिट |


८. विभिन्न उमेरका गाईलाई आवश्यक क्षेत्रफलः (वर्ग फिट)


| पशुको किसिम | क्षेत्रफल | | दाना खाने डुँड/पशु(इन्च) |
|---|---|---|---|
| | छोपिएको क्षेत्र | खुल्ला क्षेत्र | |
| गाई | २०-३० | ८०-१०० | २०-२४ |
| कोरली/बहर | १५-२० | ५०-६० | १५-२० |
| ब्याउने गाई | १००-१२० | १८०-२०० | २४-३० |
| साढे | १२०-१४० | २००-२५० | २४-३० |

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## ९. गोठको नाप,परिमाण तथा डिजाइन




मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -८

दफा १७,उपदफा १ को बुँदा नं झ सँग सम्बन्धित)

## साझेदारीमा बंगुर पालन विकास तथा विस्तार कार्यक्रमका लागि न्यूनतम मापदण्ड

१. साझेदारीमा बंगुर पालन विकास तथा विस्तार कार्यक्रम कृषक समूह/ सहकारी/ निजी क्षेत्र मार्फत सञ्चालन गरिनेछ।
२. समूहमा दश जना सदस्य हुनुपर्नेछ।
३. प्रत्येक सदस्यहरुले कम्तिमा ३-५ वटा बंगुर पालन गर्नुपर्नेछ।
४. समूह सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्नेछ।
५. निजी क्षेत्रको हकमा कम्तीमा ४० वटा बंगुर पालन गर्नुपर्नेछ।
६. साझेदार संस्थाले खोर निमार्णको लागि आवश्यक डिजाईन र लागत ईस्टिमेट पेश गरेको हुनु पर्नेछ।
७. साझेदार संस्थाले साझेदारीमा बंगुर पालन विकास तथा विस्तार कार्यक्रमका लागि आवश्यक आहारा व्यवस्थापन गर्नुपर्नेछ।

१. बंगुरको खोर सम्बन्धि नमुना मापदण्डः

| क्र.स | बंगुरको किसिम | प्रति बंगुर(वर्ग मी) | | एउटा खोरमा राख्न सकिने संख्या |
|---|---|---|---|---|
| | | आवश्यक ठाँउ | ह्यतामा खेल्ने ठाँउ | |
| १. | ब्याडको भाले बंगुर (वयस्क) | ६-७ | ९-१२ | १ |
| २. | ब्याउने माउ | ७-९ | ९-१२ | १ |
| ३. | माउ | ०.९-१.८ | ०.९-१.८ | ३० |
| ४. | माउ छुट्याइएको पाठापाठि | १.८-२.७ | १.४-१.८ | ३-१० |

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -१०

(दफा ९ को खण्ड (क) सँग सम्बन्धित)

<u>प्रस्ताव छनौटका लागी मुल्याङ्कनका आधारहरु:</u>

१. जिल्ला:

२. आवेदक संस्थाको नाम:

३. कार्यक्रम सन्चालन स्थलको ठेगाना:

४. प्रस्तावित कार्यक्रमको नाम:

५. स्थलगत अनुगमन गरिएको मितिः

६. मूल्याङ्कनका आधारहरु:

| क्र.सं. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | ३० | | |
| १.१ | सडक सुविधा भएको | ४ | | स्थानिय तहको सिफारिस |
| १.२ | बिजुली सुविधा भएको | ३ | | |
| १.३ | पानीको सुविधा भएको | ३ | | |
| १.४ | जग्गाको स्वामित्व | २० | | |
| १.४.१ | आफ्नै भएको | २० | | प्रमाण देखिने कागजात |
| १.४.२ | सेयर होल्डरको नाममा जग्गा भएको | १७ | | |
| १.४.३ | लिज मा लिएको | १५ | | |
| २ | पशुको संख्या | २० | | |
| २.१. | साझेदारीमा सामुहिक गाईपालन कार्यक्रमका लागि | २० | | |
| | ४५ भन्दा माथि | २० | | |
| | ३६ देखि ४५ सम्म | १७ | | |
| | २५ देखि ३५ सम्म | १५ | | |
| २.२ | साझेदारीमा बंगुर पालन विकास तथा विस्तार कार्यक्रमका लागि | २० | | |



मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर,

| | | | | |
|---|---|---|---|---|
| | ५१ भन्दा माथी | २० | | |
| | ४१ देखि ५० सम्म | १७ | | |
| | ३० देखि ४० सम्म | १५ | | |
| ३. | जैविक सुरक्षाको अवस्था | १० | | |
| | उत्तम | १० | | गोठ/ खोरमा दुर्गन्ध नआउने, मलमूत्र तथा फोहर व्यवस्थापन र तारबार गरिएको |
| | राम्रो | ७ | | |
| | सामान्य | ५ | | |
| ४. | घाँस खेति तथा आहारा व्यवस्थापन हुने सुनिश्चतता | ५ | | |
| ५. | पशु बिमा | ५ | | |
| | ५०% भन्दा बढी पशुको विमा गरिएको | ५ | | |
| | ५०% वा सो भन्दा कम पशुको मात्र विमा गरिएको | ३ | | |
| ५ | वित्तिय क्षमता | ५ | | |
| ५.१ | साझेदारीको प्रतिबद्धता सामेल भएको | ३ | | |
| ५.२ | अन्य निकायबाट पनि साझेदारी हुने प्रतिबद्धता भएको | २ | | |
| ६ | रोजगारीको अवस्था | ५ | | |
| ६.१ | ५ जना भन्दा माथि | ३ | | |
| ६.२. | कम्तीमा ५ जना | २ | | |
| ७ | स्विकृत कार्यविधी अनुसारको थप आधारहरु | २० | | |
| ७.१ | प्राविधिक र आर्थिक प्रस्तावको गुणस्तर | १० | | |
| ७.१.१ | प्राविधिक प्रस्ताव गुणस्तर | ५ | | |
| ७.१.२ | आर्थिक प्रस्ताव गुणस्तर(डिजाईन/ईस्टिमेट) | ५ | | |
| ७.२ | B/C ratio, IRR, Payback period को आधारमा उपयुक्तता र दिगोपन (वित्तिय विश्लेषण) | १० | | |



मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | १०० | | |

<u>नोटः</u> मूल्याङ्कनको क्रममा न्यूनतम ५० भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नु पर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अङ्क प्राप्त गर्नेलाई सिफारिस गर्नु पर्नेछ । साथै समान अङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाई प्राथमिकता दिइने छ ।

७. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः

क)
ख)
ग)
घ)

८. स्थलगत अनुगमन टोलीको रायः

| क.सं. | पद | राय दिनेको नामथर | राय | | | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | हुन्छ | सुझाव सहित हुन्छ | हुदैन | |
| १ | | | | | | |
| २ | | | | | | |

नोटः हुन्छ/ सुझाव सहित हुन्छ/ हुदैन भन्ने स्पष्ट कारण दिनु पर्नेछ । कारणहरुः

१.
२.
३.

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर

अनुसूची ११
(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)
**द्विपक्षिय सम्झौता पत्र**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडा आ.व. ... ... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषक समूह/ सहकारी/ निजि व्यवसायीसँगको लागत साझेदारीमा पशुपालन (बंगुर/ गाई) कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी मिति ... ... ... गतेको ... ... ... राष्ट्रिय/स्थानीय पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये श्री ... ... ... ... को प्रस्ताव छनौट भएको हुँदा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय (यसपछि प्रथम पक्ष भनिने) र श्री ... ... ... ... ... ... ... ... ... (यसपछि दोस्रो पक्ष भनिने) बीच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी द्वि-पक्षिय सम्झौता गरी बुझिलियौं/दियौं।

**तपशिलः**

(१) प्रथम पक्षले लागत साझेदारीमा पशुपालन (बंगुर/गाई) कार्यक्रम सञ्चालन सम्बन्धी कार्यक्रमको लागि कुल लागत रु. ... ... ... ... ... ... मध्येको २ प्रतिशत कन्टिन्जेन्सी रकम कट्टा गरी दोस्रो पक्षलाई रु. ... ... ... ... ... ... (अक्षेरुपी रुपैंयाँ ... ... ... ... ... ... ... ... ... अनुदान सहयोग प्रदान गर्नेछ ।

(२) दोश्रो पक्षले आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट/प्यान बिल, दाखिला प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरेमा वा सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ्ग विल तथा कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दुई किस्तामा वा दोश्रो पक्षले सम्पूर्ण कार्य आफ्नै लगानीमा सम्पन्न गरेमा एकै किस्तामा समेत अनुदान रकमको भुक्तानी प्रथम पक्षले बैङ्कखाता मार्फत गर्नेछ ।

(३) दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव-पत्र अनुसारको डिजाईन, ईष्टिमेट र सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

(४) कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

(५) प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह/सुझाव दिन सक्नेछ ।

(६) दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

(७) कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

(८) दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको मासिक प्रगति, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मार्फत प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(९) दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव-पत्र अनुसारको डिजाइन, ईष्टिमेट अन्य सामानहरु खरीद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि निर्धारित समयभित्र सम्मन्न गर्नु पर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

(१०) दोश्रो पक्षले पशुपालन (बंगुर/ गाई) कार्यक्रम अधुरो छाडी कार्यक्रमको दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले अनुदान रकम प्रचलित ऐन/ नियम बमोजिम सरकारी बाँकी/ बक्यौता सरह असुल उपर गर्नेछ ।

(११) कार्यक्रम सञ्चालनका दौरानमा कुनै विषय हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

(१२) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

| <u>दोस्रो पक्षको तर्फबाटः</u> | <u>प्रथम पक्षको तर्फबाटः</u> |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | मन्त्रालयः |
| संस्थाको छापः | निर्देशनालयको छापः |

<u>रोहवर</u>

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |
| संस्थाको छापः | कार्यालयको छापः |

इति सम्वत् ............... साल ................. महिना ......... गते रोज ........ शुभम् ।

मा. दावा दोर्जे लामा
मन्त्री